# अनुसन्धानमा प्रमाता, प्रमेय, प्रमाण र प्रमा

**डा. प्रेमप्रसाद चौलागाईं**
त्रिचन्द्र बहुमुखी क्याम्पस
Email : chaulagainprem999@gmail.com

**सार**

प्रस्तुत लेख पूर्वीय दर्शनका मान्यतामा आधारित भएर अनुसन्धान र यसका अङ्गहरू प्रमाता, प्रमेय, प्रमाण र प्रमेयको भूमिका र तिनका बिचको सम्बन्धको निरूपणमा केन्द्रित छ । गुणात्मक प्रकृतिको यस लेखमा वर्णनात्मक, व्याख्यात्मक र आवश्यक स्थलमा तुलनात्मक विधिको उपयोग गरी अनुसन्धानको स्वरूप र प्रक्रियाको व्याख्या गर्नुका साथै यसका अङ्गका रूपमा रहेका प्रमाता, प्रेमय, प्रमाण र प्रमाको वैशिष्ट्यको निरूपण गरिएको छ । पूर्वीय दर्शनले अनुसन्धानप्रक्रियाको समग्र रूपरेखालाई प्रमाता, प्रमेय, प्रमाण र प्रमा गरी चारओटा अङ्गका माध्यमबाट प्रस्तुत गरेको छ । यी चार अङ्गमध्ये प्रमाताले शोधार्थी, प्रमेयले शोध्य विषय, प्रमाणले शोधविधि र प्रमाले शोधनिष्कर्षलाई बुझाएका छन् । यी चार अङ्गहरू अनुसन्धानका चार पाउ हुन् । एउटा पाउ नहुँदा वा कमजोर हुँदा अनुसन्धान अपाङ्ग वा अविश्वसनीय हुने भएकाले अनुसन्धानको पूर्णता र विश्वसनीयताका लागि यी चारै अङ्गको समान भूमिका छ । पूर्वीय दर्शनमा यी चारै अङ्गको भूमिका समान भए पनि प्रमेय, प्रमाण र प्रमाको चिन्तन चाहिँ विशिष्ट प्रकृतिको छ । प्रमेय भनेको पदार्थ हो । पूर्वीय दर्शनले पदार्थअन्तर्गत चेतन र जड गरी दुई किसिमका तत्त्वलाई लिएको छ । पूर्वीय दर्शनले यी दुवै तत्त्वलाई सत्य मानेर एउटै सत्य पनि अवस्थाविशेषका आधारमा फरक फरक रूपमा प्रकट हुने तथ्य प्रस्तुत गरेको छ । यसैले अवस्थाविशेषका आधारमा सत्य पारमार्थिक, व्यावहारिक र प्रातिभासिक गरी तीन किसिमका छन् । प्रमाण भनेको साधन ज्ञान हो भने प्रमा भनेको साध्य ज्ञान हो । यसअर्थमा पूर्वीय दर्शनका अनुसार साध्य ज्ञान र साधन ज्ञान गरी ज्ञान दुई किसिमका छन् । साध्य ज्ञान भनेको अनुसन्धानको निष्कर्ष हो भने साधन ज्ञान भनेको प्रमाण अर्थात् सैद्धान्तिक आधार हो । प्रमाताले साधन ज्ञानको प्रयोग गरी तत्त्वगत सत्य वा वैचारिक सत्यको ज्ञान गर्दछ । यसरी प्रमाता, प्रमेय, प्रमाण र प्रमा चार अङ्गका माध्यमबाट अनुसन्धानको समग्र प्रक्रिया व्यवस्थित हुने भएकाले पूर्वीय दर्शनअनुसार अनुसन्धानमा यी चारै अङ्गको समान भूमिका छ भन्ने निचोड प्रस्तुत लेखबाट प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : प्रत्यक्ष, अनुमान, पारमार्थिक सत्ता, व्यावहारिक सत्ता, प्रातिभासिक सत्ता

लेखसम्बन्धी विवरण **:** लेख प्राप्त मिति : २०८०/११/२०, लेख पुनरावलोकन मिति : २०८०/०२/१३, लेख स्वीकृत मिति : २०८०/२/२८ । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नलको होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index
DOI: https://doi.org/10.3126/vaikharivani.v1i2.69852

## विषयपरिचय

अनुसन्धान शब्दको व्युत्पत्तिगत अर्थ 'पछि जोड्नु वा मिलाउनु' भन्ने हुन्छ । अनुसन्धानका सन्दर्भमा पछि मिलाउनु भन्नाले सामग्री सङ्कलन गरी तिनको प्रशोधन गरेर कुनै पनि वस्तु वा विचारको यथार्थ स्वरूपको पहिचान गर्नु भन्ने नै हुन्छ । यसर्थ अनुसन्धान भनेको सत्यान्वेषण र ज्ञानार्जनका लागि गरिने सोधखोज वा अन्वेषण हो ।

अनुसन्धानमा सोधखोज गरिने भएकाले यसको पर्यायवाचीका रूपमा 'शोध' शब्द पनि प्रचलित छ । अङ्ग्रेजीको 'रिसर्च' (research) शब्दले दिएको अर्थ पनि यही हो । अनुसन्धान योजनाबद्ध प्रक्रिया भएकाले यसअन्तर्गत अनुसन्धाता, उसले शोधकार्यका लागि चयन गर्ने विषय, विश्लेषणको विधि र सत्यापनको समग्र प्रक्रिया पर्दछन् । यी चार अङ्गलाई पूर्वीय दर्शनले प्रमाता, प्रमेय, प्रमाण र प्रमाको संज्ञा दिएको छ । यसर्थ सोधखोज गर्ने व्यक्ति प्रमाता हो । सोधखोज गरिने विषय प्रमेय हो । यस्तै विश्लेषण विधि प्रमाण हो भने विश्लेषणपछि प्राप्त हुने ज्ञान चाहिँ प्रमा हो । यी अङ्गहरू अनुसन्धानका चार पाउका रूपमा रहेकाले अनुसन्धानमा यी सबैको भूमिका समान छ भन्न सकिन्छ ।

अहिले अनुसन्धानप्रक्रिया र पद्धतिको चर्चा गर्दा पश्चिमी अनुसन्धाताहरूले उल्लेख गरेका विषयलाई मात्र आधार बनाउने गरिएको पाइन्छ । वस्तुतः आधुनिक अनुसन्धानपद्धतिको प्रयोग हुनुभन्दा निकै पहिले पूर्वीय दर्शनले अनुसन्धान प्रक्रिया र यसका अङ्गका बारेमा विशद चर्चा गरिसकेको छ । पूर्वीय दर्शनमा उल्लेख गरिएका यी अङ्गको सामान्य चर्चा वैद्य (२०७४), श्रेष्ठ (२०७९) र घर्ती (२०८०) मा गरिए पनि यिनको विशद विश्लेषण हुन सकेको छैन । यस सन्दर्भमा पूर्वीय दर्शनले उल्लेख गरेअनुसार अनुसन्धान र तिनका अङ्ग एवम् अनुसन्धान प्रक्रियामा तिनको भूमिका र वैशिष्ट्यको निरूपण गर्नु वाञ्छनीय देखिन्छ । यसर्थ यो लेख पूर्वीय दर्शनअनुसारको अनुसन्धानको स्वरूप र प्रक्रियाका साथै यसका अङ्गको विश्लेषणमा केन्द्रित छ । यसैले पूर्वीय दर्शनअनुसार प्रमाता, प्रमेय, प्रमाण र प्रमाको अनुसन्धान प्रक्रियामा केकस्तो भूमिका छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा प्रस्तुत लेख केन्द्रित छ ।

## *अध्ययनविधि*

सैद्धान्तिक प्रकृतिको प्रस्तुत अध्यनमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनका लागि अवश्यक पूर्वीय दर्शन र आधुनिक अनुसन्धानपद्धतिसँग सम्बद्ध सामग्री पुस्तकालय कार्यबाट सङ्कलन गरिएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत लेखमा सामग्रीको विश्लेषण गर्दा निरीक्षण, परीक्षण एवम् सामान्यीकरणको वैज्ञानिक विधि अपनाइएको छ । सामग्री विश्लेषण गर्दा यसमा मूलतः वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ, कतिपय स्थलमा तुलनात्मक विधिको पनि अनुसरण गरिएको छ ।

## अनुसन्धानको स्वरूप र प्रक्रिया

'अनु' र 'सम्' उपसर्गपूर्वक 'धा' धातुमा 'ल्युट्' प्रत्यय लागेर बनेको अनुसन्धान (अष्टाध्यायी, ३।३।११५) शब्दको व्युत्पत्तिगत अर्थ 'पछि जोड्नु वा मिलाउनु' भन्ने हुन्छ । अनुसन्धानका सन्दर्भमा पछि मिलाउनु भन्नाले सामग्री सङ्कलन गरी तिनको प्रशोधन गरेर कुनै पनि वस्तु वा विचारको यथार्थ स्वरूपको पहिचान गर्नु भन्ने नै हुन्छ । अनुसन्धानको पर्यायवाची शब्द शोध हो । 'शुध्' धातुमा 'घञ्>अ' प्रत्यय लागेर बनेको शोध (अष्टाध्यायी, ३।३।१२१) शब्द को अर्थ शुद्ध बनाउनु शोधन गर्नु हो । कुनै वस्तुको शोधन गर्दा नै त्यसको वास्तविक स्वरूपको पहिचान हुन्छ । फोहोरले लतपतिएको कुनै पनि भाँडाको वास्तविक स्वरूपको पहिचान गर्न त्यसलाई माझ्नुपर्छ भने सुनको वास्तविक स्वरूप पहिचान गर्न घोटे पनि पुग्छ तर त्यसको वास्तविक रूप ग्रहण गर्न भने पगाल्नु नै पर्छ । यसर्थ वास्तविक रूप पहिचान र ग्रहण गर्ने भिन्न भिन्न प्रक्रिया छन् । जीवनजगत्को वास्तविक स्वरूप भनेको सत्य हो । सत्य दुई प्रकारका छन् : तत्त्वगत सत्य र वैचारिक सत्य/ज्ञान । यसर्थ सङ्कलित सामग्रीलाई शोधन गरेर तत्त्वगत सत्य र वैचारिक सत्यको ज्ञान गर्ने प्रक्रिया नै अनुसन्धान हो ।

अनुसन्धान सत्यबोधका लागि गरिने व्यवस्थित अध्ययन हो । तत्त्वगत र वैचारिक गरी दुई प्रकारका सत्य छन् । तत्त्वगत सत्य भनेको वस्तुको यथार्थ रूप हो भने वैचारिक सत्य भनेको ज्ञान हो । यहाँ प्रयुक्त ज्ञान शब्दले

अनुसन्धानबाट प्राप्त हुने निष्कर्षात्मक ज्ञान अर्थात् साध्य ज्ञानलाई बुझाएको छ । सिद्धान्तको निर्माण, स्थापित सिद्धान्तको पुनर्व्याख्या र परीक्षण, नवीनतम तत्त्वको बोध र व्यावहारिक ज्ञान हासिल गर्नु यी सबै साध्य ज्ञान हुन् । निष्कर्षात्मक ज्ञानप्राप्तिका लागि सैद्धान्तिक आधारको ज्ञान पनि आवश्यक हुने भएकाले सैद्धान्तिक आधार चाहिँ साधन ज्ञान हो । यसर्थ साधन ज्ञानबाट साध्य ज्ञान प्राप्त गर्ने प्रक्रिया नै अनुसन्धान हो ।

अनुसन्धानबाट प्राप्त हुने सत्य के हो भन्ने बारेमा पूर्वीय र पाश्चात्य क्षेत्रका अध्यात्मवादी र भौतिकवादी दार्शनिकहरूबिच मतैक्य भेटिँदैन । केही अध्यात्मवादी दार्शनिकहरू विचारलाई मात्र सत्य मान्दछन् भने भौतिकवादी दार्शनिकहरू चाहिँ भौतिक वस्तुलाई मात्र सत्य मान्दछन् । केही दार्शनिकहरू भने दुवैको सत्य रूप हुन्छ भन्ने स्विकार्दछन् । प्लेटोले विचार नै सत्य हुन् भन्दै केवल विचारलाई मात्र सत्य मानेका छन् (ल्याव, सन् २००३, पृ. १७) भने भौतिकवादीहरूले चाहिँ भौतिक वस्तुलाई मात्र सत्य मानेका छन् (मुनरो, सन् २०११, पृ.७३–७४) । यसर्थ प्रमाता/शोधार्थीले पहिले विचार/चेतना र भौतिक पदार्थमध्ये कुन सत्य हो या दुवै सत्य हुन् भन्ने विषयमा स्पष्ट हुनुपर्छ ।

सत्यका बारेमा साङ्ख्य दर्शनको मत बढी वैज्ञानिक देखिन्छ । साङ्ख्य दर्शनले जड र चेतन दुवै सत्य भएको स्विकारेको छ । जड भनेको भौतिक र चेतन भनेको आध्यात्मिक तत्त्व अर्थात् चेतना/ज्ञान हो । यस दर्शनले प्रकृतिलाई जडका रूपमा लिएको छ भने पुरुषलाई चेतन तत्त्वका रूपमा । प्रकृति र पुरुषविना संसारको सृष्टि हुन सक्दैन भन्नुको तात्पर्य यही हो । साङ्ख्य दर्शनका अनुसार पुरुष भनेको अहिले बुझिने पुरुष जाति नभएर कुनै पनि भौतिक शरीरमा रहेर त्यसलाई चलायमान बनाउन सक्ने चेतन तत्त्व हो । यसैले चेतनको अभावमा भौतिक शरीरलाई जड अर्थात् मुर्दाको संज्ञा दिइन्छ । यस दर्शनले जडबाट चेतन/जीव नबन्ने र चेतनबाट जड नबन्ने भएकाले यी दुईलाई शाश्वत सत्य स्विकारेको छ । यस दर्शनको मुख्य मान्यता भनेको 'ना सतो विद्यते भावो नाभावो विद्यते सतः'' (*श्रीमद्भगवद्गीता*, २।१६) अर्थात् नभएको कुरा (असत्)बाट केही पनि उत्पन्न हुँदैन, जेजति वस्तुहरू उत्पन्न हुन्छन् ती भएकै कुरा (सत्) बाट उत्पन्न हुने हुन् भन्नुले पुष्टि गरेको छ । यस भनाइको तात्पर्य के हो भने जीवनजगत्मा अहिले जति पनि दृश्यमान पदार्थ छन् ती सबै भइरहेकै तत्त्वबाट उत्पन्न भएका हुन् । यस प्रक्रियालाई नै साङ्ख्य दर्शनमा सत्कार्यवाद भनिएको छ (उपाध्याय, २०७९, पृ.११६) । यसको अर्थ के हो भने 'सत्' भनेको तीनै काल (भूत, भविष्यत् र वर्तमान) मा रहिरहने वस्तु हो भने 'कार्य' भनेको कर्ताको कार्यव्यापारबाट जन्मने वस्तु हो । यस अर्थमा एकातिर तिनै कालमा रहिरहने भन्ने अर्कोतिर पछि उत्पन्न हुने वस्तुलाई कार्यले बुझाएको छ भन्ने अर्थ बुझाउने 'सत्कार्यवाद' शब्दमै विरोधाभास छ कि भन्ने शङ्का हुन सक्छ । वस्तुतः सत्कार्यवादका अनुसार कुनै पनि कर्ता (निर्माता)ले त लुकेको कार्यलाई मात्र आविर्भाव/निर्माण गर्छ, उसले कुनै पनि नयाँ कुरा जन्माउने होइन । उदाहरणका लागि तिलबाट तेल उत्पन्न भएको प्रसङ्गलाई लिन सकिन्छ । तिलमा तिल भएकै कारण यसबाट तेलीले तेल निकाल्न सकेको हो । तेलीसँग जति नै क्षमता र सिप भए पनि उसले बालुवाबाट तेल निकाल्न भने सक्दैन । दुधमा घिउ भएकैले यसबाट घिउ आएको हो । यसबाट एउटा वस्तु अर्कोमा परिणत मात्र भएको हो भन्ने बुझ्नुपर्छ । यसैले यस प्रक्रियालाई साङ्ख्य दर्शनले परिणामवादको संज्ञा पनि दिएको छ । यसर्थ साङ्ख्य दर्शनले प्रकृति र पुरुषलाई मूल तत्त्व अर्थात् शाश्वत सत्य र प्रकृति र पुरुषको सहकार्यबाट उत्पन्न भएका पृथ्वी, जल, तेज, सुन, तामा आदि वस्तु र मनुष्यलगायतका सम्पूर्ण प्राणीलाई परिणामी तत्त्व अर्थात् सापेक्ष सत्य मानेको स्पष्ट हुन्छ ।

वेदान्त दर्शनले सत्यलाई अझ विशिष्टीकृत रूपमा व्याख्या गरेको छ । यस दर्शनले सत्यलाई सत्ताका रूपमा अर्थ्याएको छ । वेदान्त दर्शनका अनुसार सत्ता तीन प्रकार छन् : प्रातिभासिक सत्ता, व्यावहारिक सत्ता र पारमार्थिक सत्ता (उपाध्याय, २०७९, पृ. ५०१–४) । डोरीमा देखिएको सर्प र चर्को घाम लाग्दा बालुवाका टल्कने कणमा देखिएको

पानी प्रातिभासिक सत्य हुन् । प्रातिभासिक सत्य भनेको वस्तुतः सत्य होइन, यो केवल सत्यको आभास मात्र हो । प्रातिभासिक सत्ताले क्षणिक रूपमै भए पनि आफ्नो कार्य गर्ने भएकाले यसलाई सत्य मान्नुपरेको हो । डोरीमा देखिएको सर्पबाट तर्सेर लडेको मान्छेको मृत्यु भएको घटना श्रुतिपथमा आएको छ । यस्तै जङ्गलको मृगले मरुभूमिको चर्को घाममा टल्केको बालुवाको कणलाई पानी देखेर त्यहाँ पुग्दा पानी नभेटाएपछि तिर्खाले झन् व्याकुल भई मृत्युवरण गरेको घटनाको अभिलेखीकरणका सन्दर्भमा 'मृगतृष्णा' शब्द बनेको हो । अहिलेको भर्चुयल संसारलाई पनि यही प्रतिभासिक सत्ताका रूपमा लिन सकिन्छ । भर्चुयल सत्ताले काम चाहिँ गर्छ तर वास्तवमै वस्तु चाहिँदा उपलब्ध हुँदैन । इसेवाको उदाहरणबाट यसलाई स्पष्ट पार्न सकिन्छ । इसेवाबाट पैसा लेनदेन गर्ने सबै काम हुन्छ तर त्यो वास्तविक पैसा होइन । वास्तविक पैसा अन्यत्र जम्मा भएको हुन्छ । यसैले इसेवाबाट लेनदेन गरिने पैसा प्रातिभासिक सत्य हो ।

वेदान्त दर्शनका अनुसार व्यावहारिक सत्ता भनेको जीवनजगत्को सत्ता हो भने पारमार्थिक सत्ता भनेको ब्रह्म हो । निर्गुण, निराकार र असीमित ऊर्जापुञ्जका रूपमा रहेको ब्रह्मबाट जीवनजगत्को सृष्टि हुने भएकाले र अन्त्यमा यसमा नै विलीन हुने भएकाले वेदान्त दर्शनले ब्रह्मलाई पारमार्थिक सत्ता मानेको हो (*ब्रह्मसूत्र, शाङ्करभाष्य* १।१।२) असीमित ऊर्जापुञ्ज भनेको अदृश्य उपपरमाणुका रूपमा रहेका सत्, चित् र आनन्दको एकीकृत रूप हो । यसैले ब्रह्मलाई 'सच्चिदानन्दरूप' नाम दिइएको छ । उपपरमाणुका रूपमा रहेको सत् भनेको भौतिक सत्यको पारमार्थिक रूप हो भने चित् र आनन्द चाहिँ वैचारिक सत्यका पारमार्थिक रूप हुन् । परमाणुवादी वैज्ञानिकहरूले पनि सृष्टिको कारक तत्त्वका रूपमा रहेको परमाणु (एटम) लाई तीन तत्त्व न्युट्रोन, इलेक्ट्रोन र प्रोटोनको समष्टिका रूपमा लिएका छन् (*म्याक्सवेल इन्साइक्लोपिडिया*, २०१५, पृ. १८१) । यही एकीकृत ऊर्जापुञ्जका रूपमा रहेको एटममा महाविस्फोट (बिग ब्याङ) भएर त्यसमा रहेका परमाणुहरू गतिशील भएपछि सृष्टिप्रक्रिया प्रारम्भ हुन्छ र प्रलयपछि पुनः एटममै विलीन हन्छ भन्ने मान्यता वैज्ञानिकहरूको रहेको छ । यसरी परमाणुवादी वैज्ञानिकले पनि परमाणुलाई पारमार्थिक सत्ता र जीवनजगत्लाई व्यावहारिक सत्ताका रूपमा लिएको स्पष्ट हुन्छ । यसर्थ अनुसन्धानको लक्ष्य पनि व्यावहारिक र पारमार्थिक सत्य र साध्य ज्ञानको खोजी नै हो ।

परमाणुवादीले मानेको एकीकृत ऊर्जापुञ्जका रूपमा रहेको एटम र वेदान्त दर्शनले उल्लेख गरेको ब्रह्मबिच निकै समानता भए पनि परमाणुवादीले चाहिँ चैतन्यलाई पछि उत्पन्न हुने तत्त्वका रूपमा स्विकारेकाले यी दुईबिच भिन्नता पनि छ भन्ने स्पष्ट हुन्छ । वस्तुतः भौतिक तत्त्वको परमाणु र स्वतन्त्र अस्तित्व भएको चैतन्य दुवै पारमार्थिक दृष्टिले सत्य छन् । परमाणुवादीले भौतिक तत्त्वका रूपमा रहेको परमाणुबाट चैन्यको सृष्टि हुन्छ भन्नुको अभिप्राय चैतन्यको अभिव्यक्ति हुन्छ भन्नु हो किनभने संसारको सृष्टिमा नयाँ तत्त्वको उत्पत्ति हुँदैन, भएकै तत्त्वको संयोजन हुन्छ भन्ने कुरा अधिकांश दर्शनले स्विकारेका छन् । विज्ञानले वंशाणु (gene) लाई नित्य मान्नु पनि यसको उदाहरण हो । यसैले परमाणुवादीले एकातिर कुनै पनि नयाँ पदार्थको उत्पत्ति हुँदैन, देखिएका पदार्थ केवल परमाणुका विस्तार मात्र हुन् भन्ने मान्यता राख्नु र अर्कोतिर चैतन्यको उत्पत्ति हुन्छ भन्नु आफैँमा विरोधाभासपूर्ण हुन्छ । यसैले चैतन्यको उत्पत्ति नभई अभिव्यक्ति हुन्छ भन्दा परमाणुवादीको कथन तर्कसङ्गत बन्ने देखिन्छ ।

आधुनिक अनुसन्धानपद्धतिले पनि सत्यसम्बन्धी भिन्न भिन्न धारणा प्रस्तुत गरेको छ । आधुनिक अनुसन्धानपद्धतिमा सत्य एउटै हुन्छ, त्यो वस्तुगत र मापनयोग्य हुन्छ भन्ने एउटा धारणा हो भने सत्य एउटै हुँदैन, यो त मानिसका विचार, बुझाइ र सामाजिक परिवेशअनुसार फरक फरक हुन्छ र ज्ञानको निर्माण विषयगत हुन्छ भन्ने धारणा अर्को हो । यस आधारमा अनुसन्धानलाई परिमाणात्मक (quantitative) र गुणात्मक (quliitative) गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । सत्य एउटै हुन्छ र त्यो मापनयोग्य हुन्छ भन्ने मान्यता राख्ने अनुसन्धान परिमाणात्मक अनुसन्धान हो भने मानिसका विचार, बुझाइ र सामाजिक परिवेशअनुसार सत्य फरक फरक हुन्छ र ज्ञानको निर्माण

विषयगत हुन्छ भन्ने मान्यता राख्ने अनुसन्धान चाहिँ गुणात्मक हो । गुणात्मक अनुसन्धानमा मान्छे, परिवेश र समूहलाई चरमा सीमित गरिँदैन, बरु तिनलाई समग्र रूपमा हेरिन्छ (टेलर तथा अन्य, सन् २०१६, पृ.९, उद्धृत, घर्ती, २०८०,पृ.१८) । कतिपय अनुसन्धानमा यी दुवै कुराको मिश्रण हुन्छ । यस्तो अनुसन्धानलाई चाहिँ मिश्रित अनुसन्धान भनिएको छ ।

सत्यसम्बन्धी धारणा फरक फरक भए पनि अनुसन्धानको लक्ष्य भनेको सत्यको खोजी नै हो भन्ने कुरामा चाहिँ पूर्वीय दर्शन र आधुनिक अनुसन्धान पद्धतिको विमति छैन । पूर्वीय दर्शन र आधुनिक शोधपद्धति दुवैका अनुसार सत्यको खोजीका लागि गरिने अध्ययन भएकाले अनुसन्धान भावना र कल्पनाका आधारमा सृजना गरिने साहित्य जस्तो जस्तो नभई तर्क र प्रमाणका आधारमा सम्पन्न गरिने बौद्धिक र वस्तुनिष्ठ कार्य हो । यसैले तर्क र प्रमाणविना गरिएको अनुसन्धान व्यवस्थित हुँदैन र यो मूल्यवान् पनि हुँदैन । विभिन्न विधिबाट सूचना सङ्कलन गरी त्यसको सैद्धान्तिक वा अवधारणात्मक आधारमा समस्या वा अनुसन्धानप्रश्नको समाधान वा उत्तरको खोजी गरिने भएकाले अनुसन्धान वैध र प्रमाणयोग्य कार्य हो । यसमा विभिन्न सूचकहरूको आधारमा चरको निर्धारण, मापन र परीक्षण गरिन्छ । त्यसैले यसको नतिजा सही हुन्छ । यस क्रममा शोधार्थीले सङ्कलन गरेका सामग्री वैध र विश्वसनीय छन् भनेर पुष्टि गर्नुपर्दछ र ती कुरालाई विभिन्न प्रमाणले पनि पुष्टि गर्नुपर्दछ ।

अनुसन्धान व्यवस्थित रूपमा गरिने सत्यको खोजी भएकाले यो योजनाबद्ध रूपमा सम्पन्न गरिने कार्य हो भन्ने स्पष्ट हुन्छ । पूर्वीय दर्शनअनुसार अनुसन्धानमा सर्वप्रथम प्रमाता अर्थात् शोधार्थीको आवश्यता पर्दछ । उसले आफ्नो रुचिको प्रमेय अर्थात् विषयलाई चयन गर्नुपर्दछ र त्यसको विश्लेषणका लागि निश्चित प्रमाणलाई आधार बनाउनुपर्छ । यस प्रक्रियाबाट प्राप्त हुने ज्ञान नै वैध, प्रामाणिक र विश्वसनीय ठहर्छ ।

## अनुसन्धानमा प्रमाता, प्रमेय, प्रमाण र प्रमाको भूमिका

पूर्वीय दर्शनले अनुसन्धानको समग्र प्रक्रियालाई प्रमाता, प्रमेय, प्रमाण र प्रमा गरी चारओटा अङ्गका माध्यमबाट व्यवस्थित पार्ने सैद्धान्तिक आधार दिएको छ । यी चार चार अङ्ग अनुसन्धानका चार पाउ हुन् । यी चार अङ्गलाई पूर्वीय दर्शनमा प्रमाता, प्रमाण, प्रमेय र प्रमाको अनुक्रममा राखिए पनि यहाँ चाहिँ यिनको भूमिकाको पनि विश्लेषण गर्ने उद्देश्य लिइएकाले प्रकार्यगत अनुक्रमका आधारमा उक्त क्रममा केही परिवर्तन गरिएको हो । यीमध्ये कुनै नहुँदा वा कमजोर हँदा अनुसन्धान अपाङ्ग वा अविश्वसनीय बन्दछ भन्ने पूर्वीय दर्शनको मान्यता हो । यसैले यहाँ यिनको स्वरूप र भूमिकाको चर्चा गरिन्छ :

### प्रमाता

प्र उपसर्गपूर्वक माङ् धातुमा तृच् प्रत्य लागेर बनेको प्रमाता (अष्टाध्यायी ३।१।१३३) शब्दको अर्थ ज्ञाता हो । ज्ञान प्राप्त गरिसकेपछि व्यक्ति ज्ञाता बन्दछ तर यहाँ प्रयुक्त ज्ञाता शब्दले ज्ञान प्राप्त गर्न चाहने जिज्ञासु व्यक्तिलाई पनि बुझाएको छ । जिज्ञासा मानव मात्रमा रहने विशेष गुण हो । यही जिज्ञासाले गर्दा नै संसारका अन्य प्राणीभन्दा मानिस पृथक् बनेको छ । जिज्ञासा भनेको जान्ने इच्छा हो । केही कुराको सोधखोज गरौँ, ज्ञान प्राप्त गरौँ र त्यसको प्रयोगबाट केही नयाँ आविष्कार वा सत्यको अन्वेषण गरी समाज विकासमा उल्लेख्य योगदान गर्न सकौँ भन्ने मानव मात्रको इच्छा हो, यही इच्छा पूरा होस् भन्ने ध्येयले निरन्तर मनन गर्ने भएकाले नै मानवलाई मननशील>मनुष्य हुँदै मानिस भन्न थालिएको हो । यसैले प्रमाता भनेको अनुसन्धानशील वा जिज्ञासु मानिस हो । प्रमाता भनेको आप्त वक्ता हो । जो यथार्थ बोल्छ त्यो आप्त हो (उपाध्याय, २०७९, पृ.२५७–५८) । यसरी प्रमाता जिज्ञासु, सत्यवादी, लगनशील, नैतिक र

इमान्दार हुनुपर्छ भन्ने पूर्वीय दर्शनको मान्यता हो । प्रमातामा उपर्युक्त गुण भएन भने अनुसन्धानको परिणाम सही निस्कँदैन । यसर्थ प्रमाताविना अनुसन्धानको कुनै प्रक्रिया अघि नबढ्ने भएकाले पूर्वीय दर्शनले यसलाई पहिलो अङ्गअन्तर्गत समावेश गरेको हो । प्रमाता जिज्ञासु, सत्यवादी, लगनशील, नैतिक र इमान्दार हुँदा मात्र अनुसन्धानको नतिजा उत्कृष्ट हुने भएकाले प्रमाता पनि अनुसन्धानको अपरिहार्य अङ्ग हो भन्ने पूर्वीय दर्शनको मान्यता हो ।

**प्रमेय**

प्रउपसर्गपूर्वक माङ् धातुमा यत् प्रत्यय लागेर बनेको प्रमेय शब्दको अर्थ जानिने वस्तु हो । प्रमाणद्वारा जुन कुरा जान्न योग्य हुन्छ त्यो नै प्रमेय हो (उपाध्याय, २०७९, पृ.२५८) । प्रमेय भनेका तत्त्वगत र वैचारिक सत्य हुन् । पूर्वीय दर्शनमा तत्त्वको चिन्तन गर्ने पहिलो दर्शन साङ्ख्य दर्शन हो । साङ्ख्य दर्शनले प्रकृति, महत्तत्त्व (बुद्धि), अहङ्कार, पाँच ज्ञानेन्द्रिय (आँखा, जिब्रो, नाक, छाला, कान) पाँच कर्मेन्द्रिय (मुख, हात, खुट्टा, गुदद्वार र मूत्रद्वार) मन, पञ्च तन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द), पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश) २५ तत्त्व मानेको छ । यी २५ तत्त्वहरू प्रमाणद्वारा जानिने भएकाले यिनलाई प्रमेय भनिएको हो । योगदर्शनले यी २५ तत्त्वमा ईश्वरलाई समेत थपेर २६ तत्त्व मानेको छ । यी दुवै दर्शनले प्रकृति, पुरुष र ईश्वरलाई नित्य मानेका छन् भने अन्य तत्त्वलाई परिणामी मानेका छन् । यसर्थ साङ्ख्य दर्शनका अनुसार भौतिक तत्त्वको मूल रूप प्रकृतिको सूक्ष्म रूप र चेनत तत्त्वको मूल रूप पुरुष पारमार्थिक सत्य हुन् । योग दर्शनले चाहिँ पारमार्थिक सत्यअन्तर्गत ईश्वरलाई पनि समावेश गरेको छ । यी दुबै दर्शनका अनुसार दृश्यमान जीवनजगत् चाहिँ व्यावहारिक सत्य हो ।

वैशेषिक दर्शनले द्रव्य, गुण, कर्म, सामान्य (जाति), विशेष, समवाय र अभाव गरी सात पदार्थ मानेको छ । द्रव्यमा पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिक् आत्मा गरी नौ, गुणमा रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या, परिमाण, पृथक्त्व, संयोग, विभाग, परत्व, अपरत्व, गुरुत्व, द्रवत्व, स्नेह, शब्द, बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, धर्म, अधर्म गरी २४, उत्क्षेपण, अपक्षेपण, आकुञ्चन र प्रसारण गरी पाँच कर्म, पर र अपर गरी सामान्य दुई प्रकारको र सम्पूर्ण पदार्थलाई छुट्याउने मूल विशेष तत्त्व अनन्त, समवाय एक र अभाव चाहिँ प्रागभाव, प्रध्वंसाभाव, अन्योन्याभाव र अत्यन्ताभाव गरी चार प्रकारको मानेर विशेष पदार्थबाहेक ४५ र विशेष अनन्त प्रकारको हुने भएकाले पदार्थको सङ्ख्या पनि अनन्त मानेको स्पष्ट हुन्छ (उपाध्याय, २०७९, पृ.३७४–७७) । न्यायदर्शनले वैशेषिक दर्शनले मानेका सबै तत्त्वलाई स्विकार्नुका साथै प्रमाण, तर्क, संशय आदि साधन ज्ञानलाई पनि पदार्थमै समावेश गरेको छ । यसरी समेट्दा यसले प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति, निग्रहस्थान गरी १६ पदार्थ मानेको छ । प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी चार प्रमाण छन् । यिनको चर्चा ‘प्रमाण’ शीर्षकमा गरिएको छ । प्रमेयअन्तर्गत आत्मा, शरीर, इन्द्रिय, अर्थ, बुद्धि, मन, प्रवृत्ति, दोष, प्रेत्यभाव (पुनर्जन्म), फल, दुःख, अपवर्ग (दुखको आत्यन्तिक नाश) लाई १२ तत्त्वलाई समेटिएको छ (*न्यायसूत्र*, १।१।९) । यसरी न्यायदर्शनले प्रमाण अर्थात् साधन ज्ञानलाई पनि पदार्थअन्तर्गत नै समावेश गरेको छ । वस्तुतः साधन ज्ञानको पनि पहिले ज्ञान गर्नुपर्ने भएकाले यसलाई पनि ज्ञेय पदार्थअन्तर्गत समावेश गर्नु उपयुक्त नै देखिन्छ । यसरी पूर्वीय दर्शनका अनुसार जानिने सबै कुराहरू तत्त्वअन्तर्गत पर्दछन् । यसअन्तर्गत, वैचारिक तत्त्व (साध्य ज्ञान) र प्रमाण (साधन) सबैलाई प्रमेयअन्तर्गत समावेश गर्नु पूर्वीय दर्शनको उल्लेख्य वैशिष्ट्य हो । पूर्वीय दर्शनले धर्म, अर्थ, काम र मोक्षलाई जीवनको परम पुरुषार्थ वा मूल्य मानेको छ । यिनलाई पनि प्रमेयअन्तर्गत समेटेकाले यसअन्तर्गत तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसा सबै समेटिने देखिन्छन् । न्याय र वैशेषिक दर्शनअनुसार दृश्यमान जीवनजगत्मा रहेका सम्पूर्ण पदार्थमा विशेष तत्त्व (सूक्ष्म तत्त्व) रहने मानेकाले जड र चेतन दुवैका सूक्ष्म तत्त्व पारमार्थिक सत्य हुन् भने जीवन जगत्का दृश्यमान सम्पूर्ण पदार्थहरू चाहिँ व्यावहारिक सत्य हुन् ।

पूर्वीय दर्शनका अनुसार प्रमेयअन्तर्गत तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसा तीनै कुरा समाविष्ट हुन सक्ने भए पनि मूलतः यसको क्षेत्र भनेको तत्त्वमीमांसा नै हो । आधुनिक अनुसन्धान पद्धतिले पनि प्रमेयलाई तत्त्वमीमांसाअन्तर्गत नै राखेको छ । कुन कुन पदार्थ सत्य हुन्, कुन होइनन् भन्ने कुराको निर्णय गर्नु तत्त्वमीमांसाको मुख्य विषय हो (थोम्यासन, २००७, पृ.७) । तत्त्वमीमांसाले तत्त्वलाई वस्तु (substances), गुण (properties), सम्बन्ध (relations), कार्यका अवस्था (states of affairs) र घटना (events) गरी पाँच प्रकारमा वर्गीकरण गरेको छ (होफवेबर, २०२०, पृ.३५) । यो वर्गीकरण पूर्वीय वाङ्मयको वैशेषिक दर्शनसँग मिल्दोजुल्दो देखिए पनि यसमा आत्मालाई द्रव्य मानिएको छैन । यसरी केही फरक मान्यता देखिए पनि पूर्वीय दर्शन र आधुनिक अनुसन्धानको तत्त्वसम्बन्धी मान्यतामा निकै समानता छ भन्न सकिन्छ ।

**प्रमाण**

'प्रमीयते अनेन इति' अर्थात् जसद्वारा यथार्थ ज्ञान गरिन्छ भन्ने अर्थमा प्र उपसर्गपूर्वक माङ् धातुमा ल्युट् प्रत्य भएर बनेको प्रमाण (अष्टाध्यायी, ३।३।१५) शब्दले यथार्थ ज्ञानको साधनलाई बुझाएको छ । यसलाई न्याय दर्शनमा यथार्थ ज्ञानको असाधारण कारणका रूपमा लिइएको छ । यसो भन्नुको तात्पर्य के हो भने प्रमाण नभई कुनै पनि तत्त्वको यथार्थ ज्ञान हुँदैन । यसर्थ प्रमाताले प्रमेय सिद्धिका लागि प्रयोग गर्ने साधन प्रमाण हो । प्रमाण भनेको साधन ज्ञान हो । पूर्वीय दर्शनमा न्याय दर्शनलाई प्रमाणवादी दर्शन भनिएको छ । न्यायदर्शनले स्विकारेका प्रमाणहरू यसप्रकार छन् :

**(क) प्रत्यक्ष प्रमाण**

प्रत्यक्ष प्रमाण भनेको इन्द्रिय र अर्थ÷वस्तु को सन्निकर्ष हुनु हो । यसबाट हुने यथार्थ ज्ञानलाई पनि प्रत्यक्ष नै भनिएकाले साधन ज्ञान (प्रमाण) र साध्य ज्ञान (प्रमा) दुवैलाई प्रत्यक्ष शब्दको प्रयोग गएिको छ । यस प्रकारको प्रत्यक्ष ज्ञानको करण इन्द्रिय भएकाले इन्द्रियहरू नै प्रत्यक्ष प्रमाण हुन् (*न्यायसूत्र* १।१।४) । जस्तै गाई, मानिस आदि वस्तुको प्रत्यक्ष ज्ञानको करण आँखा हो । कुनै पनि वस्तु सुगन्धित छ वा दुर्गन्धित छ भनी छुट्याउने इन्द्रिय नाक हो । यसैले गन्ध ज्ञान नाकबाट हुन्छ । यस्तै शब्दज्ञान कानबाट, स्पर्शज्ञान छालाबाट र रसज्ञान जिभ्रोबाट हुन्छ । यसर्थ प्रत्यक्ष ज्ञानका साधन इन्द्रिय हुन् भन्ने न्यायदर्शनको मान्यता छ । यो सबभन्दा बलियो प्रमाण हो । आफ्ना इन्द्रियहरूले नै प्रत्यक्ष रूपमा वस्तुको यथार्थ रूपको अवलोकन गरेका छन् भने त्यहाँ अन्य कुनै प्रमाणको आवश्यकता पर्दैन र प्राक्कल्पनाको पनि औचित्य रहँदैन भन्ने न्यायदर्शनको मान्यता हो ।

प्रत्यक्ष प्रमाण आधुनिक अनुसन्धानपद्धतिले प्रस्ताव गरेको प्रत्यक्षवाद (Positivism) सँग मिल्दोजुल्दो देखिन्छ । आँखाले देख्य सकिने वा प्रमाणित गर्न सकिने विषय÷सत्य मात्र स्वीकार गर्ने दार्शनिक मत प्रत्यक्षवाद हो । यसले इन्द्रियको अनुभव (sensory experience) द्वारा यस्तो सत्यको ग्रहण गरिन्छ भन्ने विश्वास गर्दछ । यसले परोक्ष र कल्पनालाई महत्त्व दिँदैन । बाहिरी विश्वमा भएका कुरालाई नै सत्य मान्नुका साथै त्यसभन्दा अरू सत्य केही छैन भन्ने यस प्रतिमानको विश्वास छ । यस प्रतिमानका अनुसार सत्य यही समाजमा अवस्थित छ । यस्तो सत्य वस्तुगत हुन्छ र यसलाई शोधार्थीको विषयगत विचारले फरक पार्दैन (रोब्सन, सन् २००२, पृ.६२४) । प्राकृतिक विज्ञानसँग सम्बन्धित अनुसन्धानहरू यस प्रतिमानअन्तर्गत पर्दछन् । खासगरी परिमाणात्मक अनुसन्धानमा प्राक्कल्पनामा रहेका चरलाई नापेर यति नै हो, यो भन्दा फरक हुन सक्दैन भन्ने वस्तुवादी धारणा राख्ने अनुसन्धान हो यो । यसैले 'प्रत्यक्षवादीले परिमाणात्मक अनुसन्धानविधिलाई स्विकार्दछन् (टायलर र लिन्डलोफ, सन् २०११, पृ.५–१३) । इन्द्रियले प्रमाणित गर्न सकिने सत्यलाई मात्र स्विकार्दा शोधार्थीले परिमाणात्मक अनुसन्धानविधिको अवलम्बन गर्नुपर्ने

हुन्छ भन्ने यस वादको मान्यता हो । यसरी इन्द्रियजन्य ज्ञानलाई मुख्य आधार बनाउने अनुसन्धानका लागि प्रत्यक्ष प्रमाण सबैभन्दा बलियो प्रमाण हो भन्ने पूर्वीय दर्शन र आधुनिक अनुसन्धान पद्धति दुवैको साझा मान्यता हो ।

**(ख) अनुमान प्रमाण**

कुनै पनि पहिले घटित भइसकेका कामकुरा, वस्तु, व्यक्ति, विषयआदिबारे पहिलेका अनुभवका आधारमा गरिने पूर्वानुमान अनुमान प्रमाण हो । न्याय दर्शनका अनुसार प्रत्यक्षद्वारा अप्रत्यक्ष्य साध्यलाई प्रमाणित गर्ने प्रमाण हो यो । यसलाई व्याप्ति ज्ञान भनिएको पाइन्छ । व्याप्ति ज्ञान भनेको साहचर्य ज्ञान हो । कुनै दुई वस्तुको निरन्तर साहचर्यपछि अन्यत्र एउटाको दर्शनद्वारा अन्यको ज्ञान हुनुलाई अनुमिति भनिन्छ (*न्यायसूत्र* १।१।५) । जस्तै भान्सामा निरन्तर धुँवा र आगाको साहचर्य दर्शन गरेपछि जहाँ जहाँ धुवाँ हुन्छ त्यहाँ त्यहाँ अग्नि हुन्छ भन्ने व्याप्तिको ज्ञान हुन्छ र त्यस्तो व्याप्तिले युक्त पक्ष अर्थात् पर्वतमा धुवाँ देखेपछि त्यहाँ आगो छ भन्ने निश्चय गरिन्छ । न्याय दर्शनमा अनुमान प्रमाणलाई प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमनका आधारमा व्याख्या गरिएको छ ।

(अ) प्रतिज्ञा– पर्वतमा आगो छ ।
(आ) हेतु – किनभने त्यहाँ धुवाँ छ ।
(इ) उदाहरण – जहाँ धुवाँ (लिङ्ग) छ, त्यहाँ नियत रूपले आगो (लिङ्गी) हुन्छ, जस्तै : भान्सा घर ।
(ई) उपनय– पर्वतमा धुवाँ छ र त्यसको आगोसित नियत साहचर्य छ ।
(उ) निगमन – यसैले निष्कर्षमा के भन्न सकिन्छ भने पर्वतमा आगो छ ।

(उपाध्याय, २०७९, पृ.२५५)

आधुनिक अनुसन्धानपद्धतिसँग तुलना गरेर भन्दा प्रतिज्ञा भनेको समस्या कथन हो । हेतु भन्नाले तर्क हुन् । उदाहरण भन्नाले तर्कको पुष्टिका लागि दिइने प्रमाण हुन् । उपनय भनेको विश्लेषण हो । निगमन भनेको अनुसन्धानको निष्कर्ष वा प्राप्ति हो । अनुमानका यी पाँच अवयवमध्ये हेतु र उदाहरणले अनुसन्धानपद्धतिलाई सङ्केत गरेका छन् भने उपनयले विश्लेषण प्रक्रियालाई सङ्केत गरेको छ । अनुमानका लागि दिइने अनुपयुक्त हेतु÷कारणलाई चाहिँ हेत्वाभासको संज्ञा दिइएको छ । यसरी न्यायदर्शनले आधुनिक अनुसन्धानपद्धतिको समग्र प्रक्रियालाई अनुमिति ज्ञान र अनुमान प्रमाणका आधारमा समेटेको छ भन्ने स्पष्ट हुन्छ ।

अनुमान प्रमाणअन्तर्गत उपनय अर्थात् विश्लेषण प्रक्रियालाई थप प्रभावकारी बनाउन न्यायदर्शनमा संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान जस्ता युक्तिलाई पनि समेटिएको छ । एउटा पदार्थमा अनेक कुराको ज्ञान वा शङ्का गर्नुलाई संशय, केही काम गर्न प्रवृत्त हुनुको कारणलाई प्रयोजन, उदाहरणलाई दृष्टान्त, कुनै कुरालाई प्रामाणिक रूपले स्वीकार गर्नुलाई सिद्धान्त, परार्थानुमानका लागि प्रयोग गरिने वाक्यसमूहलाई अवयव, कारणसहितको ज्ञानलाई तर्क, कुनै पक्षको निष्कर्षात्मक विचारलाई निर्णय, कुनै विषयमा बौद्धिक छलफल हुनुलाई वाद, विजयप्राप्तिका लागि गरिने संवादलाई जल्प, जल्पमा आफ्नो मतको स्थापना नभएको स्थितिलाई वितण्डा, वास्तविक हेतु नभएर केवल हेतुको आभास हुनुलाई हेत्वाभास, वक्ता÷लेखक÷शोधार्थीको अभिप्रायविपरीत अर्थ गर्नुलाई छल, आफ्नो मत सिद्ध नहुनुलाई जाति र सत्य वस्तुको ज्ञान नभएको स्थितिलाई निग्रहस्थान भनिएको छ (*न्यायसूत्र* १।१२१–३६) । यी युक्तिका आधारमा प्रमेयको विश्लेषण गर्दा अनुसन्धानको नतिजा वैध र विश्वसनीय हुने न्यायदर्शनको मान्यता हो ।

अनुमान प्रमाण आधुनिक अनुसन्धान पद्धतिले प्रस्ताव गरेको उत्तरप्रत्यक्षवाद (PostPositivism) को नजिक छ । उत्तरप्रत्यक्षवाद प्रत्यक्षवादभन्दा केही फरक तर अनुसन्धानविधि करिब समान देखिने प्रतिमान हो । यस

वादका अनुसार सिद्धान्त, प्राक्कल्पना आदिले अवलोकन गरेको कुरालाई प्रभाव पार्न सक्छ (रोब्सन, सन् २००२, पृ.६२४) । यी दुईमा रहेको फरक चाहिँ के हो भने यस्तो प्रकृतिको अनुसन्धानले सत्यको करिब नजिक पुग्न सकिन्छ तर बाहिरी संसारमै वस्तुगत सत्य छ भन्ने कुरामा पूर्ण विश्वास गर्दैन । अहिलेका प्रायः गुणात्मक अनुसन्धानहरू यस कोटिभित्र पर्दछन् । त्यसैले यस प्रतिमानले आफ्ना निष्कर्षलाई प्रमाणआधारित सत्य (evidence-based realities) मात्र मान्दछ । यसर्थ यस वादले प्रत्यक्षवादले जस्तो शाश्वत सत्य स्विकार्दैन । यसैले यो वाद पूर्वीय दर्शनले उल्लेख गरेको अनुमान प्रमाणको निकटतम छ भन्ने स्पष्ट हुन्छ ।

**(ग) उपमान प्रमाण**

सादृश्यसम्बन्धबाट हुने ज्ञान उपमिति हो र त्यसको करणलाई उपमान प्रमाण भनिन्छ । सादृश्य भनेको दुई वा सोभन्दा व्यक्ति/वस्तुमा समान गुण हुनु हो (*न्यायसूत्र* १।१।६)। जस्तैः 'गवय' नचिनेको व्यक्तिलाई कसैले 'गवय' गाई जस्तै हुन्छ भनिदियो भने उसले गाईको समान गुण भएको प्राणी देखेमा यो गवय रहेछ भनेर ज्ञान गर्न सक्छ । वस्तुतः आफ्ना तर्कको पुष्टिका लागि दिइएका उदाहरण नै उपमान हुन् । उपमानलाई व्यवहारबाट थाहा पाउन सकिन्छ । यसैले उपमान प्रमाण आधुनिक अनुसन्धान पद्धतिले प्रस्ताव गरेको व्यवहारवाद (Pragmetivism) को नजिक छ भन्न सकिन्छ । शोधार्थीको शोधप्रश्नले माग गरेको उत्तरको आधारमा नै अनुसन्धान प्रतिमान निर्धारित हुन्छ भन्ने मान्यता राख्ने प्रतिमान व्यवहारवाद हो । यस वादले प्रत्यक्षवाद, उत्तरप्रत्यक्षवाद र व्याख्यावादले जस्तो आआफ्नो आग्रह लिएर मात्र अनुसन्धान गर्न सकिन्छ भन्ने मान्यताको विरोध गर्दछ । शोधार्थीले तयार पारेको कुनै शोधप्रश्नले प्रत्यक्षवादी प्रतिमानको अपेक्षा गर्ला, कुनैले उत्तरप्रत्यक्षवाद र व्याख्यावादको अपेक्षा गर्लान् । जसले जुन वादको अपेक्षा गर्दछन् त्यहीअनुरूप अनुसन्धान गर्नुपर्छ भन्ने मान्यता यस वादको हो । वस्तुहरूको व्यावहारिक प्रभावका आधारमा आफ्नो अवधारणा निर्माण गर्नुपर्दछ (पायर्स, सन् १८७८, पृ. २८६) । यसैले यो प्रतिमान मिश्रित पद्धतिमा आध ारित अनुसन्धानहरूका लागि उपयोगी हुन्छ । सङ्ख्यात्मक अनुसन्धानविधिमा आधारित भए पनि गुणात्मक सूचनासमेत सङ्कलन गरेर अनुसन्धानलाई अघि बढाइएको छ भने वा गुणात्मक अनुसन्धानविधिमा आधारित भए पनि सङ्ख्यात्मक तथ्याङ्कसमेतको सङ्कलनबाट अनुसन्धान गरिँदैछ भने यो अनुसन्धान प्रतिमान उपयोगी हुने देखिन्छ । यसैले उदाहरण र तर्कका आधारमा सत्यको निरूपण गर्ने भएकाले व्यवहारवाद पूर्वीय दर्शनले प्रस्ताव गरेको उपमान प्रमाणसँग मिल्दोजुल्दो छ भन्ने स्पष्ट हुन्छ ।

**(घ) शब्द प्रमाण**

आप्त पुरुषको वचनद्वारा हुने ज्ञानलाई शब्दज्ञान भनिएको छ । आप्त भनेको यथार्थ वक्ता हो (*न्यायसूत्र* १।१।७) । यसर्थ आप्तपुरुषको वचन नै शब्दज्ञानका लागि प्रमाण हो । इतिहास र यथार्थ समाचारलाई पनि शब्दप्रमाणकै कोटिका रूपमा राख्न सकिन्छ । आप्त प्रमाता हुँदा अनुसन्धानको परिणाम ठिक आउँछ अन्यथा अनुसन्धानको परिणाम अविश्वसनीय हुन्छ भन्ने शब्दप्रमाणको मान्यता हो । पूर्वीय दर्शनमा आत्मा, ईश्वर आदि अलौकिक विषयको विश्लेषणका लागि शब्द प्रमाणलाई सबभन्दा बलियो प्रमाणका रूपमा लिने गरिन्छ ।

उपर्युक्त मान्यताका कारण शब्दप्रमाण आधुनिक अनुसन्धान पद्धतिले प्रस्ताव गरेको व्याख्यावाद (Interpretivism) सँग मिल्दोजुल्दो देखिन्छ । सत्य भन्ने कुरा समाजमा रहने मानिसहरूले निर्माण गर्ने हो र यो प्रत्येक मानिसको सोचाइ र तर्कमा भर पर्छ भन्ने मान्यता राख्ने वाद व्याख्यावाद हो । यसले निर्मितिवाद (constructivism) अर्थात् निर्माणमा विश्वास गर्छ । यो प्रत्यक्षवादको पूर्णतः विपरीत मान्यता राख्ने वाद हो । व्याख्यावादीहरू सत्यको प्राप्ति भाषा, चेतना र उपकरण जस्ता सामाजिक संरचनामार्फत हुन्छ भन्ने मान्यता राख्छन् (मेयर्स, सन् २००८, पृ.१५)

। गुणात्मक अनुसन्धान गर्नेहरूका लागि यो प्रतिमान उपयुक्त ढाँचा बन्दछ । यसैले पूर्वीय दर्शनले सोचाइ र तर्कका आधारमा आत्मा, ईश्वर सिद्ध गर्न उपयोग गर्ने गरेको शब्दप्रमाणसँग व्याख्यावाद निकै मिल्दोजुल्दो प्रतीत हुन्छ ।

पूर्वीय दर्शनले चर्चा गरेको प्रमाणलाई आधुनिक अनुसन्धान पद्धतिले ज्ञानमीमांसाअन्तर्गत राखेको छ । ज्ञानमीमांसाले ज्ञानको प्रकृति, उत्पत्ति, ज्ञानको क्षेत्र र औचित्यका अध्ययन गर्दछ (स्टेउप, सन् २००५, पृ.५४) । ज्ञान साध्य र साधन ज्ञान गरी दुई किसिमका हुन्छन् । यहाँ प्रयुक्त ज्ञानमीमांसाले चाहिँ साधन ज्ञानलाई बुझाएको छ । साधन ज्ञान पनि तर्क, प्रमाण र अनुभवका आधारमा हुने भएकाले यस्तो स्थितिमा साधन ज्ञान पनि साध्य ज्ञान बन्दछ । अनुसन्धानका सन्दर्भमा साधनज्ञान भनेको अनुसन्धानपद्धति हो । अनुसन्धानपद्धतिको पनि ज्ञान गर्नुपर्ने हुन्छ । अनुसन्धानपद्धतिको ज्ञान गर्दा चाहिँ अनुसन्धानपद्धति नै साध्य ज्ञानका रूपमा रहेको हुन्छ । यसर्थ साध्य ज्ञान र साधन ज्ञानमा भिन्नता छ भन्ने कुरा पूर्वीय दर्शनका मान्यताको विश्लेषणबाट स्पष्ट भएको छ । आधुनिक अनुसन्धान पद्धतिमा पनि यो कुरा लागु हुने भएकाले आधुनिक अनुसन्धान पद्धतिका अनुसर्ताले पनि सैद्धान्तिक आधारलाई साधन ज्ञान र सैद्धान्तिक आधारबाट विश्लेषण गरी प्राप्त भएको निष्कर्षलाई चाहिँ साध्य ज्ञान भन्दा शोधविधि र शोधनिष्कर्षको उपयुक्त व्याख्या हुन्छ ।

**प्रमा**

प्रमा भनेको प्रमेय अर्थात् तत्त्वगत सत्य र वैचारिक सत्यको ज्ञान हो । यो भनेको अनुसन्धानको निष्कर्ष वा साध्य ज्ञान हो । निश्चयात्मक ज्ञानलाई प्रमाणहरूले सिद्ध गर्दछन् । यसको अर्थ के हो भने प्रमाणद्वारा नै प्रमा वा प्रमितिका बारेमा वास्तविक ज्ञान प्राप्त हुन्छ । प्रमा साध्य हो भने प्रमाण साधन हो । पूर्वीय दर्शनमा प्रमाणद्वारा प्राप्त हुने ज्ञानको वैज्ञानिक अध्ययन गर्ने न्याय दर्शन हो । यसले प्रत्यक्ष, अनुमिति, उपमिति र शब्द ज्ञान गरी चार प्रकारका ज्ञान मानेको छ । वस्तुसँग इन्द्रियको सन्निकर्षद्वारा हुने ज्ञान प्रत्यक्ष, कुनै हेतु अर्थात् साधन द्वारा हुने ज्ञान अनुमिति, सादृश्य ज्ञानद्वारा हुने ज्ञान उपमिति र शब्दद्वारा हुने ज्ञानलाई शब्द ज्ञान मानेको छ (*न्यायसूत्र* १।१।३–८) । यसरी चार प्रकारका ज्ञानभित्र अनुसन्धानबाट प्राप्त हुने सबै निष्कर्षात्मक ज्ञान समेटिन्छन् ।

प्रमाको सम्बन्ध आधुनिक अनुसन्धान पद्धतिले प्रस्ताव गरेको मूल्यमीमांसासँग छ । मूल्य मीमांसाका अनुसार मूल्य भनेको कुनै पनि वस्तु वा व्यक्तिको मापन गर्ने गुण हो । मूल्यलाई शील, स्वभाव, सौन्दर्य, नैतिकता, सच्चरित्रता, कर्तव्यपरायणता जस्ता गुणद्वारा मापन गरिन्छ । यी गुणमध्ये कतिपयले व्यक्ति वा वस्तुको आन्तरिक गुणलाई सङ्केत गरेका छन् भने कतिपयले बाह्य गुणलाई सङ्केत गरेका छन् । मूल्य आत्मगत मूल्यका रूपमा मात्र नरही वस्तुको आकृतिका रूपमा पनि देखापर्दछ (ग्रेन्बर्ग, सन् २०१७, पृ.३१, उद्धृत :घर्ती, २०८०,पृ.२७) । यसैले मूल्यलाई आन्तरिक मूल्य (Intrinsic value) र बाह्य मूल्य (extrinsic value) गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । यस्तै अनुसन्धानका पनि मूल्यमापक गुण हुन्छन् । समस्यामूलक शीर्षक चयन गर्नु, पारदर्शी किसिमले सामग्री सङ्कलन गर्नु, सङ्कलित सामग्रीको विश्लेषणका सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाको निर्माण गर्नु र सोहीअनुरूप विश्लेषण गरी सामान्यीकरण गर्नु अनुसन्धानका मूल्यमापक गुण हुन् । अन्तिम मूल्य भनेको सामान्यीकरण हो । सामान्यीकरण भनेको निष्कर्ष हो । त्यो भनेको प्रमा नै हो । यसर्थ यी मूल्यमापक गुणको उपयोग गरी तयार पारिएको अनुसन्धानको निष्कर्ष नै वैध, विश्वसनीय र उपयोगी हुन्छ । अनुसन्धानको विश्वसनीयता, वैधता र उपयोगिता नै अनुसन्धानको मूल्य हो । यसर्थ मूल्यमीमांसाको सम्बन्ध पूर्वीय दर्शनले उल्लेख गरेको प्रमासँग छ भन्ने स्पष्ट हुन्छ ।

यसरी पूर्वीय दर्शनले प्रमाता, प्रमेय, प्रमाण र प्रमाका आधारमा अनुसन्धानको समग्र प्रक्रियालाई व्यवस्थित पार्ने सैद्धान्तिक आधार दिएको स्पष्ट हुन्छ ।

**निष्कर्ष**

अनुसन्धान सत्यबोधका लागि गरिने व्यवस्थित अध्ययन हो । तत्त्वगत र वैचारिक गरी दुई प्रकारका सत्य छन् । तत्त्वगत सत्य भनेको वस्तुको यथार्थ रूप हो भने वैचारिक सत्य भनेको ज्ञान हो । अनुसन्धानबाट प्राप्त हुने सत्य के हो भन्ने बारेमा दार्शनिकहरूबिच मतैक्य भेटिँदैन । सत्यका बारेमा साङ्ख्य दर्शनको मत बढी वैज्ञानिक देखिन्छ । साङ्ख्य दर्शनले जड र चेतन दुवै सत्य भएको स्विकारेको छ । वेदान्त दर्शनले सत्यलाई अझ विशिष्टीकृत रूपमा व्याख्या गरेको छ । यस दर्शनले सत्यलाई सत्ताका रूपमा अर्थ्याएर तिनलाई प्रातिभासिक सत्ता, व्यावहारिक सत्ता र पारमार्थिक सत्ता गरी तीन प्रकारमा वर्गीकरण गरेको छ । पारमार्थिक सत्तालाई शाश्वत सत्य र प्रातिभासिक सत्ता र व्यावहारिक सत्तालाई चाहिँ सापेक्ष सत्यका रूपमा लिएको छ । आधुनिक अनुसन्धानपद्धतिमा पनि सत्यसम्बन्धी फरक फरक धारणा पाइन्छन् । सत्य एउटै हुन्छ, त्यो वस्तुगत र मापनयोग्य हुन्छ भन्ने एउटा धारणा हो भने सत्य एउटै हुँदैन, यो त मानिसका विचार, बुझाइ र सामाजिक परिवेशअनुसार फरक फरक हुन्छ र ज्ञानको निर्माण विषयगत हुन्छ भन्ने अर्को धारणा । यसरी सत्यसम्बन्धी धारणा फरक फरक भए पनि अनुसन्धानको लक्ष्य भनेको सत्यको खोजी नै हो भन्ने कुरामा चाहिँ पूर्वीय दर्शन र आधुनिक अनुसन्धान पद्धतिको ऐकमत्य छ ।

अनुसन्धान योजनाबद्ध कार्य हो । यसैले यो विभिन्न अङ्गबाट बनेको हुन्छ । पूर्वीय दर्शनले यसलाई प्रमाता, प्रमाण, प्रमेय र प्रमाका माध्यमबाट व्यवस्थित गरेको छ । प्रमाता शब्दको अर्थ ज्ञाता हो । ज्ञान प्राप्त गरिसकेपछि मात्र व्यक्ति ज्ञाता बन्ने भएकाले अनुसन्धान गर्नुभन्दा अघिको शोधार्थी जिज्ञासु हो । जिज्ञासा भएपछि मात्र अनुसन्धान कार्य सम्पन्न हुन्छ । ‘प्रमेय भनेको जानिने वस्तु हो । प्रमाणद्वारा यसको ज्ञान हुन्छ । प्रमेयअन्तर्गत तत्त्वगत र वैचारिक सत्य पर्दछन् । प्रमाताले प्रमेय सिद्धिका लागि प्रयोग गर्ने साधन प्रमाण हो । प्रमाण भनेको साधन ज्ञान हो । पूर्वीय दर्शनमा न्याय दर्शनलाई प्रमाणवादी दर्शन भनिएको छ । न्यायदर्शनले स्विकारेका प्रमाणहरू प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी चार प्रकारका छन् । प्रत्यक्ष प्रमाण भनेको इन्द्रिय र अर्थ÷वस्तु को सन्निकर्षबाट हुने यथार्थ ज्ञान हो । कुनै पनि पहिले घटित भइसकेका कामकुरा, वस्तु, व्यक्ति, वस्तु विषयआदिबारे पहिलेका अनुभवका आधारमा गरिने पूर्वानुमान अनुमान प्रमाण हो । सादृश्यसम्बन्धबाट हुने ज्ञान उपमिति हो र आप्त पुरुषको वचनद्वारा हुने ज्ञान शब्दज्ञान हो । यिनै चार प्रमाणका आधारमा प्रमेयको विश्लेषण गरिन्छ । प्रमा भनेको अनुसन्धानबाट प्राप्त हुने निष्कर्ष हो । यसरी प्रमाता, प्रमेय, प्रमाण र प्रमा गरी चार अङ्गका माध्यमबाट अनुसन्धानको समग्र प्रक्रियालाई व्यवस्थित पार्ने सैद्धान्तिक आधार पूर्वीय दशर्नले दिएको स्पष्ट हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

*अष्टाध्यायी सूत्रपाठ.* (२०६०). व्याख्या. ईश्वरचन्द्र. चौखम्बा संस्कृत प्रतिष्ठान ।

उपाध्याय, जगत्. (२०७९). सम्पा. *चूडानाथ भट्टरायका पूर्वीय दार्शनिक कृतिहरू.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

घर्ती, दुर्गाबहादुर. (२०८०). *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग.* अनुसन्धान विमर्श नेपाल ।

बन्धु, चूडामणि. (२०६५). *अनुसन्धान तथा प्रतिवेदन लेखन* (दोस्रो संस्क.). रत्न पुस्तक भण्डार ।

*न्यायसूत्र* //https://sa.wikibooks.org/wiki÷Nyayasutra

*ब्रह्मसूत्र, शाङ्करभाष्य.* (२०५५). व्याख्या. शिरोमणि पं. मीनप्रसाद नेपाल. महेन्द्र संस्कृत विश्वविद्यालय ।

वैद्य, किरण. (२०७४). *हिमाली दर्शन.* साझा प्रकाशन ।

*श्रीमद्भगवद्गीता*. (२८ औं संस्क.). (२०५६), गीताप्रेस ।

श्रेष्ठ, दयाराम. (२०७९). *साहित्यको अनुसन्धान व्यवस्थापन* (अनुसन्धान दर्शन). शिखा बुक्स ।

Hale, B**.** (2009). "Realism and antirealism about abstract entities". pp. 65–73 in Jaegwon Kim. Ernest Sosa, and Gary S. Rosenkrantz. *A Companion to Metaphysics*. 2nd ed., Wiley–Blackwell.

Law, vivien. (2003). *The History of Linguistics in Europe From Plato to 1600.* Cambridge University Press.

Maxwell Encyclopedia. (2015). Mumbai : Wilko Publishing House.

Munro, H.A.J . (1908). *Lucreties on the nature of things.* George and sons .

Myers, M.D. (2008). *Qualitative Research in Business & Management*. SAGE Publications

Peirce, C.S. (1878). "How to Make Our Ideas Clear". Popular Science Monthly. v. 12, 286–302.

Robinson, Howard. (2020). "Substance". The Stanford Encyclopedia of Philosophy. Stanford University.

Robson, Colin. (2002). *Real World Research. A Resource for Social Scientists and Practitioner-Researchers* (Second ed.). Blackwell. p. 624.

Taylor, Thomas R.; Lindlof, Bryan . C. (2011). *Qualitative communication research methods* (3rd ed.). Thousand Oaks. SAGE. pp. 5–13.

Thomasson, A.L. (2007). *Ordinary Objects. Oxford University Press*.